**सर्वोच्च अदालत, वृहत पूर्ण इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.**

**माननीय न्यायाधीश श्री मीरा खडका**

**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**

**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान**

**आदेश**

**०७४-WO-०५९०**

**विषयः-प्रतिषेध मिश्रित परमादेश।**

सिरहा जिल्ला असनपुर गा.वि.स. वडा नं.४ को हाल परिवर्तित ऐ. गोलबजार न.पा. वडा नं.५ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.११ बस्ने अधिवक्ता भवेश गौतम.....................................................................................१

लमजुङ जिल्ला चिती गा.वि.स. वडा नं.२ को हाल परिवर्तित ऐ. बेसीसहर न.पा. वडा नं.११ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.३ लगनखेल बस्ने अधिवक्ता सुजन पन्त....................................................१ **निवेदक**

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं.१

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं....................................१

आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं.........................................१

ठूला करदाता कार्यालय, हरिहरभवन, काठमाडौं..........................................१

एनसेल प्रा.लि. नख्खु, ललितपुर..............................................................१

टेलिया सोनेरा कम्पनी (टेलिया सोनेरा ग्रुप हेड अफिस) एसई-१०६ ६३ स्टकहोम, स्वीडेन मार्फत एनसेल प्रा.लि. नख्खु, ललितपुर................................१ **विपक्षी**

एक्जिएटा वर्हाड, मलेशिया मार्फत एनसेल प्रा.लि. नख्खु, ललितपुर..................१

रेनोल्ड होल्डिङ्गस लिमिटेड, स्टोनि ग्रोभ, चार्ल्सटोवा नेभिस मार्फत एनसेल प्रा.लि. नख्खु, ललितपुर........................................................................................१

नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यस प्रकार छः-

हामी निवेदक नेपाली नागरिक र कानून व्यवसायीसमेत हौं। नेपालको संविधानको धारा २ बमोजिम सार्वभौम नागरिकका हैसियतले राज्य र राज्यका प्रत्येक अङ्ग निकाय र कार्यालयको कामकारवाहीमा हाम्रो सार्थक सम्बन्ध र सरोकार रहेको छ। सामाजिक अभियन्ता कानून व्यवसायीको नाताले कानूनी राज्यको अवधारणालाई साकार रुप दिन आवश्यक पहल र प्रयास गर्नु हाम्रो कर्तव्य समेत हुन आउँछ। वस्तुतः कर असूली संविधान र कानूनद्वारा प्रशासित हुने विषय हो। संविधानले कानून बमोजिम बाहेक कर नलगाइने र नउठाइने व्यवस्था गरेको सन्दर्भमा राज्यले कुनै पनि कर कानून बमोजिम लगाएको वा उठाएको वा असूल उपर गरेको छ छैन भनेर जान्ने बुझ्ने अधिकार हामी निवेदक लगायत प्रत्येक नागरिकलाई प्राप्त छ।

एनसेल प्रा.लि. को स्वामित्व खरिद विक्री कारोबार सम्पन्न भएको पनि एक वर्षभन्दा बढी भई सकेको छ। विपक्षी ठूला करदाता कार्यालयले मिति २०७३।१।२८ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रेस विज्ञप्ति प्रकाशित गरी एनसेलको शेयर खरिद विक्रीमा पूँजीगत लाभकर लाग्ने विषयमा द्विविधा नभएको र प्रचलित कानून बमोजिम कर असूली गर्ने सम्बन्धमा सो कार्यालय र समग्र कर प्रशासनले जिम्मेवार एवं उत्तरदायीपूर्ण रुपमा प्रभावकारी भूमिका बहन गरिरहको प्रतिबद्धता व्यक्त गरेको थियो। सो प्रतिवद्धता व्यक्त गरेको एक वर्षभन्दा लामो अवधिसम्म कर निर्धारणका बारेमा निष्क्रिय रही हालै मात्र विक्रेताका नाममा संशोधित कर निर्धारण सूचना र मिति २०७४।९।१९ गते सार्वजनिक सूचनासम्म जारी गरी सो सूचना बमोजिम कर असूल उपर गरी राज्यकोषमा दाखिला गराउने आफ्नो कानूनी दायित्व पूरा गर्ने तर्फ भने विपक्षी ठूला करदाता कार्यालय र समग्र कर प्रशासन नै चुकेको छ। यसरी साधिकार निकायले सार्वजनिक रुपमा प्रतिवद्धता व्यक्त गरेको एक वर्ष भन्दा बढी अवधि र कर निर्धारणको सूचना जारी गरेको महिनौं सम्म पनि यो विषय टुंगो नलागी देशले पाउनुपर्ने राजश्वबाट बन्चित हुनु परेको विषय सर्वथा सार्वजनिक सरोकारको विषय हुन्छ।

संसदीय समितिहरुले पटक पटक यस विषयमा निर्णय गरेको छ, निर्देशन दिएको छ। यो विषयले सञ्चार माध्यममा पर्याप्त स्थान पनि पाएको छ। आम जनताले यो विषयलाई निकै चासोका साथ हेरिरहेको अवस्था छ। आमजनताको चासोलाई सकारात्मक रुपमा

यथासमयमा सम्बोधन गर्नुपर्नेमा कर तिर्ने दायित्व भएको विक्रेतालाई सूचनासम्म जारी गरी कर असूलीतर्फ कुनै सार्थक र परिणाममुखी प्रयास नगरी कर दायित्वनै नभएको पक्षलाई झन्झट लगाई कर असूलीमा प्रयास भईरहेको भान पार्न खोज्ने कार्य कदापि उचित छैन। यो विषय नेपालमा विदेशी लगानी, आमजनतामा अत्याधुनिक दूरसंचार सेवाको पहुँच, राष्ट्र विकासमा निजी क्षेत्रको भूमिका आदि विविध पक्षहरुका कारणले दूरगामी असर र परिणाम सिर्जना गर्ने संवेदनशील विषय हो। यस सार्वजनिक सरोकारको विवादमा संविधान एवं कानूनको अन्तिम व्याख्याता सम्मानित सर्वोच्च अदालतले आयकर ऐनको युक्तियुक्त व्याख्या गरी करदाता र कर प्रशासनलाई दीर्घकालसम्मका लागि मार्गदर्शन गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

ठूला करदाता कार्यालयले विक्रेता टेलियासोनोरालाई मिति २०७४।३।१३ गते जारी गरेको संशोधित कर निर्धारणको सूचना बमोजिम विक्रेताबाट सम्पूर्ण लाभकर असूल उपर गर्ने कार्यलाई अन्तिम र तार्किक निष्कर्षमा पुऱ्याउन आवश्यक कुटनीतिक, प्रशासनिक र कानूनी कारवाही अघि बढाई सो कर असूल उपर गर्नु गराउनु र यसरी सम्पूर्ण लाभकर विक्रेताबाट असूल भएपश्चात बढी असूल भएको लाभकर रकम सम्बन्धित करदातालाई कानून बमोजिम फिर्ता दिनु दिलाउनु र कानून बमोजिमको दायित्व पूरा गर्ने पक्षलाई उनाउ करदाताले कर दायित्व पूरा नगरेको आधारमा कुनै दायित्व सिर्जना गर्न र सामान्य व्यावसायिक काम कारोबारमा कुनै पनि बन्देज लगाउने गरी कुनै कार्य नगर्नु नगराउनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, ठूला करदाता कार्यालयको नाममा नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम परमादेश प्रतिषेधको आदेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश वा पूर्जीसमेत जारी गरी पाउँ।

विपक्षी एनसेल प्रा.लि. र विपक्षी टेलियासोनेराको नाममा प्रचलित कानून बमोजिम करदाताहरुको कर्तव्य निर्वाह गर्नु गराउनु भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम परमादेशको आदेश जारी गरी पाउँ।

प्रस्तुत निवेदन पत्रमा उठान गरिएका विषयवस्तुको गाम्भीर्यतासमेतका आधारमा प्रस्तुत रिट निवेदनको शीघ्र निरुपण गर्नु उपयुक्त र आवश्यक समेत भएकोले सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७३(१) र (२) बमोजिम अग्राधिकार दिई पेश गर्ने र

निरन्तर सुनुवाईको आदेश समेत जारी गरी पाउँ भन्ने समेत बेहोराको भवेष गौतम समेतको निवेदन।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. क्रमशः १ देखी ४ सम्मका हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरुको हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि निवेदनमा उल्लेखित ०७४-WO-०३७७, ०७४-WO-०३७८ र ०७४-WO-०४७५ मुद्दा साथै राखी नियमानुसार पेश गर्नू भनी यस अदालतबाट भएको आदेश।

सर्वप्रथमः यस कार्यालयको के कस्तो काम कारवाही वा निर्णयबाट निवेदकहरुको कानून तथा संविधान प्रदत्त हक हनन् हुन गएको हो, सो कुरा रिट निवेदनमा उल्लेखसम्म गर्न नसकेको हुँदा विना आधार र कारण यस कार्यालयको कुनै संलग्नता नभएको विषयमा समेत विपक्षी कायम गरी दायर भएको रिट निवेदन खारेजी भागी छ। कर तथा गैर-कर राजश्वको दायरालाई फराकिलो बनाउँदै मुलुकलाई आर्थिक सम्बृद्धिको दिशामा लैजानका लागि राज्यको सबै संयन्त्र प्रयोग गरी नतिजामुखी क्रियाकलाप संचालन गर्न नेपाल सरकार क्रियाशील रहँदै आएको छ। मुलुकको आर्थिक विकासको लागि राजश्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजश्व परिचालनलाई अभिवृद्धि गर्न आयकर ऐन २०५८ जारी भई कार्यान्वयनमा रहेको छ। उक्त ऐनको दफा ७२ ले ऐनको कार्यान्वयन तथा प्रशासन गर्ने कामको जिम्मेवारी आन्तरिक राजश्व विभागलाई तोकेको छ। रिट निवेदनमा नै पूँजिगत लाभकर असुल उपर गर्न निर्देशन जारी भएको तथा लाभकर असुल उपरको लागि सार्वजनिक सूचना समेत प्रकाशन भएको भन्ने कुरा उल्लेख भएको देखिँदा सम्बन्धित निकायले कानून बमोजिम गरेको कामको सम्बन्धमा रिट जारी हुने अवस्था रहँदैन। राज्यलाई कानून बमोजिम तिर्नुपर्ने कर तिर्नु सबैको कर्तव्य भएको र कानून बमोजिम सम्बन्धित निकायले परिपालना गर्ने जिम्मेवारीको सम्बन्धमा अनावश्यक आशंका गरी रिट दायर गर्न मिल्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

आयकर ऐन, २०५८ बमोजिम एनसेलको शेयर खरिद विक्री कारोबारमा भएको लाभमा पूँजीगत लाभकर लाग्ने भएकोले नै टेलियासोनेरा स्वीडेनको नाममा मिति २०७४।३।१३ मा र स्थानीय लगानीकर्ताको नाममा कर निर्धारण गरी कर निर्धारणको रकम असुली गर्न मिति २०७४।९।१९ मा टेलियासोनेराको नाममा सार्वजनिक सूचना जारी गरिएको हो। टेलियासोनेराले विभिन्न प्रबन्ध कम्पनी मार्फत एनसेल प्रा.लि. मा स्थायी संस्थापन खडा गरी एनसेलको व्यापार व्यवसायमा प्रत्यक्ष संलग्न भएको हुँदा वास्तविक रुपमा Reynolds Holdings ले लैजाने लाभाँश रकम टेलियासोनेराले नै प्राप्त गर्ने भएकाले वक्यौता कर असुलीका लागि नै Reynolds Holdings लगायतलाई लाभाँश भुक्तानी गर्न रोक्का गरिएको हुँदा विपक्षीको जिकिर कानूनसम्मत छैन।

कर असुलीको लागि DHL मार्फत आयकर ऐन २०५८ को दफा १०२ बमोजिमको सूचना बुझाई टेलियासोनेरा र Reynolds Holdings लगायतका कम्पनीहरुलाई लाभाँश भुक्तानी गर्न रोक्का राखिएको हो। सूचना बुझेर पनि कुनै प्रतिक्रिया नजनाएको हुँदा राष्ट्रियस्तरको पत्रिकामा सूचना समेत जारी गरी कुटनैतिक रुपमा टेलियासोनेरासँग कर असुलीको कुरा गर्न सम्वन्धित निकायहरु मार्फत पत्राचार गरिएको हो। बक्यौता कर असुलीको लागि नै लाभाँश रकम रोक्का राखिएकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।९।९ मा अन्तरिम आदेश भई लाभाँश भुक्तानी फुकुवा गरिएको अवस्था छ, तर मुद्दाको अन्तिम किनारा भएपछि सो सम्बन्धमा थप कारवाही गरिने नै हुँदा जिकिर यथार्थपूर्ण देखिँदैन।

आयकर ऐन, २०५८ बमोजिम कुनै पनि व्यक्ति वा निकायले आफूले तिर्नुपर्ने कर दायित्व आफैले यकिन गरी वा स्वयं कर निर्धारण गरी यथासमयमा कर दाखिला गर्नुपर्ने हुन्छ। सो अनुसार कसैले कर दाखिला नगरेको अवस्थामा मात्र कार्यालयले संशोधित कर निर्धारण गर्ने कानूनी व्यवस्था अनुसार नै एनसेल प्रा.लि.को शेयर विक्रीमा भएको कारोबारमा भएको पूँजिगत लाभमा कर निर्धारण गरिएको हो। कानून बमोजिम कर निर्धारण गरिएको र कुनै व्यक्ति वा निकायलाई दोहोरो हुने गरी कर निर्धारण नगरिएको हुँदा निवेदनदावी बदरभागी छ भन्ने समेत बेहोराको अर्थ मन्त्रालयको लिखित जवाफ।

Telia Sonera, Sweden, Dependent Directors ले एनसेल प्रा.लि.को व्यवस्थापनमा नियन्त्रण गर्नुका साथै प्रा.लि. को सम्पत्तिको मूल्य अभिवृद्धि बजार विस्तार गरेबाट Telia Sonera को प्रमुख आर्थिक हित (Vital Economic Interest) तथा निहित स्वामित्व एनसेल प्रा.लि. मा रहेको आयकर ऐन २०५८ को दफा २(र) को खण्ड (१) र (२) बमोजिम

स्पष्ट हुन्छ। आयकर ऐन २०५८ को दफा (२) को खण्ड (क र द) अनुसार Telia sonera Company, Sweden एनसेल प्रा.लि. मा स्थायी संस्थापन भई नेपालको बासिन्दा व्यक्ति भएकाले स्वतः नेपालमा कर तिर्नुपर्ने कानून दायित्व भएको स्पष्ट भएकोले ठूला करदाता कार्यालयबाट मिति २०७४।०३।१३ मा रु. ६० अर्ब ७१ करोड कर निर्धारण भएकोमा सो कर निर्धारण आदेश Telia Sonera, Sweden ले मिति २०७४।३।१६ मा बुझी कर बक्यौता राखि बसेकोले एनसेलबाट भुक्तानी हुने लाभाँश रकम Telia Sonera, सँग सम्बद्ध कुनै पनि कम्पनीलाई भुक्तानी नगर्न ठूला करदाता कार्यालयले सम्बन्धित निकायमा रोक्का राख्न अनुरोध गरेको, पत्रिकाहरुमा सूचना प्रकाशन गरेको, परराष्ट्र मन्त्रालयमार्फत् पत्राचार गरिएको एवं यस विभागबाट ठूला करदाता कार्यालयलाई बक्यौता रकम असुल गर्न सम्पत्ति रोक्का लगायत जफत सम्मको कानूनी कारवाही गर्न लेखि पठाईएको अवस्थामा निवेदकले यस विभागलाई समेत विपक्षी बनाई लाभकर असुली गर्नेतर्फ आवश्यक सक्रियता नदेखाएको भनी लिएको निवेदन जिकिर तथ्यपरक नहुँदा खारेजभागी छ।

एनसेल प्रा.लि. ले १५ प्रतिशत कर तिर्दैमा Telia Sonera ले बुझाउनुपर्ने बाँकी पुंजीगत लाभकर बुझाउन नपर्ने वा पूर्ण रुपमा उन्मुक्ति पाउने होइन। ठूला करदाता कार्यालयले लाभाँश लगायतका कुनै पनि भुक्तानी रोक्का राखिएकोमा सम्मानित सर्वोच्च अदालतबाट उक्त रकम रोक्का नराख्नु भनी अन्तरिम आदेश जारी भएको छ। आयकर ऐन (संशोधन सहित) २०५८, आयकर नियमावली (संशोधन सहित) २०५९ अनुसार कर निर्धारण भई बक्यौता रहन गएको रकम असुली गर्ने तर्फ यस विभाग समेत प्रतिबद्ध रहेकोले रिट निवेदकले लिएको जिकिर तथ्य परक नहुँदा खारेजभागी छ।

ठूला करदाता कार्यालयले निर्धारित बक्यौता कर असुल गर्न कै लागि एक्जियटा मलेसियालाई समेत नेपालबाट हुने लाभाँश लगायतका भुक्तानी गर्न रोक्का राखिएको हो। आयकर ऐनको दफा १०९ र ११० बमोजिमको दायित्वबाट उन्मुक्ति पाउने वातावरण यस विभागबाट मिलाइएको नभई कानून बमोजिम लाभकर असुल गर्न मातहत कार्यालयलाई निर्देशन दिएको र उक्त लाभकर असुली गर्ने तर्फ यस विभाग प्रतिवद्ध रहेको हुँदा विपक्षी रिट निवेदकले कार्यान्वयन भईरहेको विषयमा अदालतको अमूल्य श्रम र समय खेर जाने गरी प्रस्तुत रिट निवेदन दायर गरेको हुँदा यो निवेदन खारेजभागी छ भन्ने समेत बेहोराको आन्तरिक राजश्व विभागको लिखित जवाफ।

निवेदनमा औंल्याए जस्तै विदेशी लगानीकर्ताहरुलाई यस कार्यालयका तर्फबाट असहयोग गर्ने एवं हतोत्साहन गर्ने कार्य समेत भए गरेको अवस्था छैन। आयकर ऐन बमोजिम कुनै पनि व्यक्ति वा निकायले आफुले तिर्नुपर्ने कर दायित्व आफैले यकिन गरी अर्थात् स्वयं कर निर्धारण गरी यथा समयमा कर दाखिला गर्नुपर्ने हुन्छ। सो अनुसार कसैले कर दाखिला नगरेको अवस्थामा मात्र कार्यालयबाट संशोधित कर निर्धारण गर्ने कानूनी व्यवस्था भए अनुसार नै एनसेल प्रा.लि. को शेयर विक्रीमा भएको कारोबारमा भएको पुँजीगत लाभमा कर निर्धारण गरिएको हो। आयकर ऐन बमोजिम कर निर्धारण गर्दा नै लगानीकर्तालाई असहयोग भएको भन्न र मान्न मिल्दैन। आयकर ऐन बमोजिम नै कर निर्धारण गरिएको र कुनै पनि व्यक्ति वा निकायलाई दोहोरो हुने गरी कर निर्धारण समेत नगरिएका अवस्थामा विदेशी लगानीकर्तालाई राज्यका तर्फबाट असहयोगपूर्ण व्यवहार गरिएका कारण राज्यको छवी नै धुमिल हुन पुगेको भन्ने विपक्षीहरुको कोरा निवेदन जिकिर खण्डनीय भै वदरभागी छ। निवेदकहरुको निवेदन जिकिरका आधारमा सम्मानित सर्वोच्च अदालतबाट यस कार्यालय उपर समेत मिति २०७४।११।२७ मा जारी आदेश खारेज गरी पाउँ भन्ने समेत बेहोराको ठूला करदाता कार्यालयको लिखित जवाफ।

शेयरहरु खरिद-बिक्री कारोबारका सम्बन्धमा एनसेलको कुनै तात्विक सम्बन्ध नभएको तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा समेत कुनै सरोकार नरहेको सादर निवेदन गर्दछौं। उपरोक्त शेयरहरु खरिदबिक्री कारोबारका टेलिया कम्पनी, स्वीडेनलाई बिक्रेताको हैसियतले कर निर्धारण भई कर असुली प्रकृया प्रारम्भ भै सकेको हुँदा निर्धारित कर टेलिया कम्पनी, स्वीडेनबाट असुल उपर हुनुपर्नेमा कुनै विवाद र द्विविधा छैन। टेलिया कम्पनी, स्वीडेनबाट बिक्रेताको हैसियतले निर्धारित कर यथासिध्र असुल उपर गर्नुपर्ने दायित्व ठूला करदाता कार्यालयको भएको हुँदा टेलिया कम्पनी, स्वीडेन उपर निर्धारित कर असुल उपर गरी लिखित जवाफ प्रस्तुतकर्ता एनसेलले टेलिया कम्पनी, स्वीडेनको दायित्व उपर ठूला करदाता कार्यालयले दावी गरे अनुसार तत्काल लिखित जवाफ प्रस्तुतकर्ता एनसेलको व्यवसाय, साख एवं प्रतिष्ठामा कुनै किसिमले आँच नआओस् भन्ने उद्देश्यले असल नियतका साथ त्यसरी दाखिला गरिएको रकमलाई लिखित जवाफ प्रस्तुतकर्ता एनसेलको स्वीकारोक्ति नहुने बेहोरा उल्लेख गरी मिति २०७३।१।२६ का दाखिला गरेको अग्रिम पूँजीगत लाभकर रु. ९,९६,९५,७१,०४०।- मिति २०७४।२।२१ मा रु. ११,५७,८४,८४,८६०।- तथा व्याजको विलम्ब शुल्क वापत जम्मा रु. २,०२,६२,३४,८५१।- ठूला करदाता

कार्यालयमा दाखिला भएको अग्रिम पूँजीगत लाभकर लिखित जवाफ प्रस्तुतकर्ता एनसेललाई आयकर ऐन, २०५८ को दफा ११३(१) लिखित जवाफ प्रस्तुतकर्ता एनसेललाई आयकर ऐन, २०५८ को दफा ११३(१) बमोजिम फिर्ता दिलाई पाउन उपयुक्त आदेश समेत जारी गरी पाउन सादर निवेदन गर्दछौं । अतः निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने समेत बेहोराको एनसेल प्रा.लि.को लिखित जवाफ।

Reynolds ले ठूला करदाता कार्यालयलाई तिर्न बुझाउन कुनै किसिमको बाँकी बक्यौता नभएको अवस्थामा ठूला करदाता कार्यालयलाई एनसेलले लिखित जवाफ प्रस्तुतकर्ता Reynolds लाई वितरण गर्नुपर्ने लाभाँश रोक्का राख्न निर्देशन वा आदेश दिन आयकर ऐन, २०५८ दफा १०४ को उपदफा (१) तथा दफा १०९ को उपदफा (१) एवं अन्य कुनै पनि कानुनद्वारा अधिकार प्रदान गरेको छैन। साथै ठूला करदाता कार्यालयबाट उक्त शेयर खरिद-बिक्री कारोबारमा टेलिया कम्पनी, स्वीडेनलाई बिक्रेताको हैसियतले कर निर्धारण भै सके पश्चात टेलिया कम्पनी, स्वीडेन उपर निर्धारित कर असुल उपर टेलिया कम्पनी, स्वीडेनबाटै गर्नुपर्ने दायित्व ठूला करदाता कार्यालयको हो। ठूला करदाता कार्यालयलाई एनसेलले लिखित जवाफ प्रस्तुतकर्ता Reynolds लाई वितरण गर्नुपर्ने लाभाँश रोक्का राख्न निर्देशन वा आदेश दिने कार्य ठूला करदाता कार्यालयको बदनियतपूर्ण कार्य हो। टेलिया कम्पनी, स्वीडेनलाई बिक्रेताको हैसियतले कर निर्धारण भई कर असुली प्रकृया प्रारम्भ भई सकेको हुँदा निर्धारित कर टेलिया कम्पनी, स्वीडेनबाट असुल उपर हुनुपर्नेमा कुनै विवाद र द्धविधा छैन । अतः Reynolds को हकमा रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने समेत बेहोराको रेनोल्डस होल्डिङसको लिखित जवाफ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्णप्रसाद सापकोटा, श्री प्रकाश के.सी. तथा अधिवक्ता श्री सज्जन वर सिंह थापा, श्री रमनकुमार कर्ण र श्री भवेश गौतमले नेपाल सरकार र कर प्रशासन अकर्मण्य र निष्किय भएको कारण निर्णय भई कर निर्धारणको सूचना प्रेषित भई सकेको लामो अवधि सम्म पनि कर असूली हुने नहुने विषय नै अन्योलमा रहेको र सोको कारण देखाई ठूलो लगानी भएको विदेशी लगानीकर्तालाई राज्यबाट गरिएको असहयोगपूर्ण व्यवहार समेतका कारण समग्र नेपाल राज्य व्यवस्था प्रति विदेशी लगानीकर्ताको धारणा प्रतिकूल बनी राज्य कै छवि नै धुमिल हुन पुगेको छ। ठूला करदाता कार्यालयले विक्रेता टेलिया सोनेरालाई मिति २०७४।३।१३ गते जारी गरेको

संशोधित कर निर्धारणको सूचना बमोजिम विक्रेताबाट सम्पूर्ण लाभकर असूल उपर गर्ने कार्यलाई अन्तिम र तार्किक निष्कर्षमा पुऱ्याउन आवश्यक कुटनितिक प्रशासनिक र कानूनी कारवाही अघि बढाई सो कर असूल उपर गर्नु गराउनु पर्दछ। सम्पूर्ण लाभकर विक्रेताबाट असूल भए पश्चात बढी असूल भएको लाभकर रकम सम्बन्धित करदातालाई कानून बमोजिम फिर्ता दिनु दिलाउनु पर्दछ। विक्रेता टेलिया सोनेराले तिर्नुपर्ने कर क्रेता एक्जियटाबाट तिराउन खोजेको कार्य गलत छ। नेपाल सरकारले स्वीडेनमा गएर टेलिया सोनेरालाई मुद्दा दायर गरी निर्धारित पूँजीगत लाभकर तिराउने प्रकृयामा जानु पर्दथ्यो। तर त्यसो गरिएन। तसर्थ कानून बमोजिमको दायित्व पूरा गर्ने पक्षलाई उनाउ करदाताले कर दायित्व पूरा नगरेको आधारमा कुनै दायित्व सिर्जना गर्न र सामान्य व्यवसायिक काम कारोबारमा कुनै पनि बन्देज लगाउने गरी कुनै कार्य नगर्नु नगराउनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग र ठूला करदाता कार्यालयको नाममा परमादेश प्रतिषेध लगायतको आदेश जारी हुनु पर्दछ भनी बहस गर्नुभयो।

विपक्षीहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग र ठूला करदाता कार्यालय समेतका तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री नारायण प्रसाद पौडेल, सह-न्यायाधिवक्ता श्री विश्वराज कोइराला, सह-न्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजाल र उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले आयकर ऐन, २०५८ बमोजिम ऐनसेलको शेयर खरीद विक्री कारोबारमा विक्रेता टेलिया सोनेरालाई प्राप्त भएको लाभमा पूँजीगत लाभकर लाग्ने भएकोले नै टेलिया सोनेरा स्वीडेनको नाममा २०७४।३।१३ र स्थानीय लगानीकर्ताको नाममा कर निर्धारण गरी कर निर्धारणको रकम असूली गर्न मिति २०७४।९।१९ मा टेलिया सोनेराको नाममा सार्वजनिक सूचना जारी गरिएको थियो। टेलिया सोनेराले विभिन्न प्रबन्ध कम्पनी मार्फत एनसेल प्रा.लि.मा स्थायी संस्थापन खडा गरी एनसेलको व्यापार व्यवसायमा प्रत्यक्ष संलग्न भएको हुँदा वास्तविक रुपमा रेनोल्डस होल्डिङसले लैजाने लाभांश रकम टेलिया सोनेराले नै प्राप्त गर्ने भएकोले बक्यौता कर असूलीका लागि नै रेनोल्डस होल्डिङस लगायतलाई लाभांश भुक्तानी गर्न रोक्का गरिएको हो।

ठूला करदाता कार्यालयले निर्धारित बक्यौता कर असूल गर्न कै लागि एक्जिएटा, मलेसियालाई समेत नेपालबाट हुने लाभांश लगायतका भुक्तानी गर्न रोक्का राखिएको हो।

आयकर ऐन, २०५८ को दफा १०९ र ११० बमोजिमको दायित्वबाट उन्मुक्ति पाउने वातारण मिलाइएको होइन। निवेदनमा औंल्याए जस्तै विदेशी लगानीकर्ताहरुलाई असहयोग गर्ने एवं हतोत्साहन गर्ने कार्य समेत भए गरेको अवस्था छैन। आयकर ऐन बमोजिम कुनै पनि व्यक्ति वा निकायले आफूले तिर्नुपर्ने कर दायित्व आफैले यकिन गरी अर्थात स्वयं कर निर्धारण गरी यथासमयमा कर दाखिला गर्नु पर्ने हुन्छ। सो अनुसार कसैले कर दाखिला नगरेको अवस्थामा मात्र कार्यालयबाट संशोधित कर निर्धारण गर्ने कानूनी व्यवस्था भए अनुसार नै एनसेल प्रा.लि.को शेयर विक्री गर्दाको कारोबारमा भएको पूँजीगत लाभमा कर निर्धारण गरिएको हो। आयकर ऐन बमोजिम कर निर्धारण गर्दा नै लगानीकर्तालाई असहयोग भएको भन्न र मान्न मिल्दैन।

आयकर ऐन बमोजिम नै कर निर्धारण गरिएको र कुनै पनि व्यक्ति वा निकायलाई दोहोरो हुने गरी कर निर्धारण समेत नगरिएका अवस्थामा विदेशी लगानीकर्ताहरुलाई राज्यका तर्फबाट असहयोगपूर्ण व्यवहार गरिएको कारण राज्यको छवि ने धुमिल हुन पुगेको भन्ने विपक्षीहरुको निवेदन खारेज हुनु पर्दछ भनी बहस गर्नु भयो।

विपक्षी एनसेल प्रा.लि. र रेनोल्ड होल्डिङस लि.को तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री देवेन्द्र न्हुछे प्रधान र श्री शम्भु थापा, श्री कोमल प्रकाश घिमिरे समेतले शेयरहरु खरीद विक्री कारोवारका सम्बन्धमा एनसेलको कुनै तात्विक सम्बन्ध नभएको र प्रत्यक्ष अप्रत्यक्ष रुपमा समेत कुनै सरोकार छैन। यसैगरी रेनोल्डस होल्डिङसले ठूला करदाता कार्यालयलाई तिर्न बुझाउन कुनै किसिमको बाँकी बक्यौता नभएको अवस्थामा ठूला करदाता कार्यालयलाई एनसेलले रेनोल्डसलाई वितरण गर्नु पर्ने लाभांश रोक्का राख्ने निर्देशन दिन आयकर ऐन, २०५८ को दफा १०४ को उपदफा (१) तथा दफा १०९ को उपदफा (१) एवं अन्य कुनै पनि कानूनद्वारा अधिकार प्रदान गरेको छैन। साथै उक्त शेयर खरीद विक्री कारोवारमा टेलिया कम्पनी, स्वीडेन उपर निर्धारित कर असूल उपर टेलिया कम्पनी, स्वीडेनबाटै गर्नु पर्ने दायित्व ठूला करदाता कार्यालयको भएकोले रेनोल्डसलाई वितरण गर्नु पर्ने लाभांश रोक्का राख्न निर्देशन वा आदेश दिने ठूला करदाता कार्यालय कार्य बदनियतपूर्ण छ भन्ने समेत बहस गर्नु भयो।

निवेदक तथा विपक्षी तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरु र नेपाल सरकारका तर्फबाट उपस्थित नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता तथा

उपन्यायाधिवक्ताहरुको बहस सुनी निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने भएको छ।

निवेदकले व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितले स्पष्ट रुपमा विक्रेताबाट पूंजीगत लाभकर असूल गर्न मिति २०७३।२।१६ गते निर्देशन जारी गरेको भएता पनि २०७४।९।१९ गते सार्वजनिक सूचनासम्म जारी गरेको तर सो कर असूल उपर गरी राज्यकोषमा दाखिला गराउने आफ्नो कानूनी दायित्व पूरा गर्ने तर्फ विपक्षी ठूला करदाता लगायतका कार्यालय समग्र कर प्रशासन नै चुकेको, यसरी एक बर्ष भन्दा बढि अवधि व्यतित भई सक्दा पनि उक्त राजस्व असूली हुने नहुने विषयले निष्कर्ष नपाएकोले समग्र नेपाल राज्यको निर्णय कार्यान्वयन क्षमतामा नै प्रश्न चिन्ह खडा हुने दुःखद परिस्थिति उत्पन्न भएको छ। विपक्षी ठूला करदाता कार्यालयले विक्रेता विपक्षी टेलियासोनेरालाई मिति २०७४।३।१३ गते जारी गरेको संशोधित कर निर्धारणको सूचना बमोजिम विक्रेताबाट सम्पूर्ण लाभकर असूल उपर गर्नु गराउनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालयको नाममा नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम परमादेश, प्रतिषेधको आदेश लगायत जो चाहिने उपयुक्त आज्ञा, आदेश वा पूर्जी समेत जारी गरी पाउँ भन्ने नै मुख्य निवेदन दावी रहेको देखिन्छ।

निवेदकले प्रस्तुत निवेदन सार्वजनिक सरोकारको विषय हो भनी दावी लिनु भएको तर्फ हेर्दा सोही विषयमा एनसेल प्रा.लि. आफै निवेदक भएर यस अदालतमा रिट निवेदन दायर गरिसकेको अवस्था छ। कारोबारको प्रमुख पक्ष एनसेल प्रा.लि. नै अदालतमा प्रवेश गरिसकेको अवस्थामा सार्वजनिक सरोकार र हकको निवेदन भनी प्रस्तुत निवेदन दिनु पर्ने कुनै आवश्यकता रहेको देखिंदैन। जसको विषयमा विवाद परेको छ सो पक्ष नै अदालतमा प्रवेश गरिसकेकोबाट निवेदकले एनसेल वा रेनोल्ड्सको प्रतिनिधित्व गर्नु आवश्यक देखिएन। एनसेल प्रा.लि. निवेदक भै दायर भएको ०७४-WF-००१५ नं. को उत्प्रेषणको आदेश जारी गरी पाउँ भन्ने रिट आज यस इजलासबाट खारेज हुने ठहरी फैसला भएको छ। विवादित कारोबारबाट सिर्जित लाभकरको विषयमा सो रिट निवेदनमा र निवेदक द्वारिकानाथ ढुंगेल समेत भएको रिट निवेदन (०७४-WO-०४७५) मा समेत विस्तृत विवेचना र निरुपण भै आजै परमादेशको आदेश जारी हुने ठहरी फैसला भएको छ। निवेदकले उठाएका विषयहरु उक्त निर्णयहरुमा निरुपण भैसकेको हुँदा सो कुराहरुको यहाँ पुनरावृत्ति गरिरहनु परेन।

प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यस आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु।

न्यायाधीश

(आनन्दमोहन भट्टराई)

उक्त रायमा हामीहरुको सहमती छ।

| न्यायाधीश | न्यायाधीश | न्यायाधीश | प्रधान न्यायाधीश |
|---|---|---|---|
| (टंकबहादुर मोक्तान) | (विश्वम्भरप्रसाद श्रेष्ठ) | (मीरा खडका) | (चोलेन्द्र शम्शेर ज.ब.रा.) |

इजलास अधिकृतः ज्ञानेन्द्र इटेनी

कम्प्युटर टाईप गर्नेः रामशरण तिमिल्सिना/विनोद बनिया/विकेश गुरागाई

इति संवत् २०७५ साल माघ २३ गते रोज ४ शुभम्.................................................।